तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालिकोट

# जनता सँग मेयर कार्यक्रम संचालन कार्यविधि २०७७

नगर कार्यपालिका बाट पारित मिति:२०७७-०६-१०

**प्रस्ताबना :** नेपालको संविधान २०७२ को भाग १७ को धारा २१४ को संवैधानिक व्यवस्था बमोजिम अनुसुची ८ र साझा अधिकार सुची ९ मा उल्लेखित अधिकारको प्रयोग गर्दै राज्य शक्तिको बाँडफाँट तथा संचालन सम्वन्धमा स्थानिय तहले जनता बाट निर्वाचित जनप्रतिनिधि मार्फत स्थानिय नागरिकले आफ्नो प्रत्यक्ष सहभागितामा तर्जुगर्ने वार्षिक तथा आवधिक नगर विकास योजना अन्तर्गत यस नगरपालिकाको आठौं नगर सभा बाट आव २०७७-०७८ देखि जनता सँग मेयर कार्यक्रम संचालन योजना समेत पारित भई राज्य पुर्नसंरचना सँगै स्थानीय सरकारका रुपमा गठित स्थानीय तहको निर्वाचन पश्चात जनताले उनीहरुकै प्रतिनिधीद्धारा शासन गर्ने अवसर प्राप्त गरेका छन् | जनताको सवैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय तहले जनताका आवश्यकता प्रभावकारीरुपमा सम्वोधन गर्नुपर्ने आवश्यकता टडकारो रहेको देखिन्छ । यसै सन्दर्भमा तिलागुफा नगरपालिकाको आठौं नगरसभाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ र तिलागुफा नगरपालिकाको प्रशासकिय कार्य नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जनतासँग मेयर कार्यक्रम पारित गरी सोको कार्यान्वयन गर्न नगर कार्यपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम **जनता सँग मेयर कार्यक्रम संचालन कार्यविधि २०७७** हुनेछ |

२) **लागु हुने मिति :-** यो कार्यविधि नगरकार्यपालिकाले पारित गरेको दिन देखि नगरपालिका लागु गरिने छ |

३) **कार्यक्रमको लक्ष्य :-** तिलागुफा नगरपालिकाका सम्पुर्ण वडाहरुमा रहेका लक्षित वर्गहरुलाई सिमित वित्तिय साधनस्रोत परिचालन गरी उनीहरुको आर्थिक तथा सामाजिक रुपान्त्रणको माध्यम बाट स्व-रोजगारीको अवसर स्रजना गरी गरिबी न्यूनिकरणमा टेवा पु-याऊने ।

४) **उदेश्यहरु :-** क) जनतासँग प्रत्यक्ष सरोकार रहने गरी उनीहरुको जिवनस्तरमा प्रत्यक्ष लाभ हुने तथा नतिजा प्राप्त हुने कार्यक्रमहरु मार्फत जनप्रतिनिधी र जनता बिच सुमधुर सम्वन्ध कायम गर्ने ।

ख) स्थानीय सरकार प्रति जनताको अपनत्व सृजना गर्ने तथा स्वरोजगारका अवसर मार्फत जनताको जिवनस्तरमा सुधार ल्याउने ।

ग) नगरबासीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणमा सघाऊ पु-याऊने ।

घ) नगर सरकारको प्रत्यक्ष सेवा प्रवाहलाई सुद्रढिकरण गरी आमनागरिक प्रतिको उत्तरदायित्व विकास गर्ने ।

ङ) आम नागरिक र नगर सरकार बिचको असमझदारी दुरी घटाऊने ।

५) **कार्यक्षेत्र :-** तिलागुफा नगरपालिकाका ११ वटै वडाहरुमा रहेका सम्पुर्ण बस्तिहरु यस कार्यक्रमका लक्षित कार्यक्षेत्र हुनेछन्|

६) **कार्यक्रम संचालन तथा व्यवस्थापन संयन्त्र :-** यो कार्यक्रम कार्यान्वियन गर्न देहाय:का संरचनागत प्रणाली गठन गरी परिचालन गरिनेछ ।

**६.१ : नगर स्तरिय कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशक समिति :-** क) नगरपालिका स्तरमा निम्नानुसारको एक कार्यकारी संयन्त्र निर्माण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन,व्यवस्थापन,नियमन,अनुगमन तथा मुल्यांकनका कार्यहरु संचालन गरिनेछ।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | संयोजक |
| २ | नगर उप- प्रमुख | सदस्य |
| ३ | कार्यपालिकाको सदस्यहरु मध्ये १ जना महिला सहित ३ जना | सदस्य |
| ४ | प्रमुख प्रशासकिय अधिक्रत | सदस्य |
| ५ | वडा अध्यक्षहरु मध्य नगर प्रमुखले मनोनित गरेका ३ जना | सदस्य |
| ६ | प्रमुख प्रशासन शाखा | सदस्य सचिव |

**द्रटव्य :** आवश्यकता अनुसार विषयगत शाखा प्रमुखहरु लाई आमन्त्रित गर्ने सकिने छ।

**६.२ : वडा स्तरिय कार्यक्रम कार्यान्वयन समिति :-** वडा स्तरमा निम्नानुसारको एक कार्यकारी संयन्त्र निर्माण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन,व्यवस्थापन,नियमन,अनुगमन तथा मुल्यांकनका कार्यहरु संचालन गरिनेछ।

| | | |
|---|---|---|
| १ | वडा अध्यक्ष | संयोजक |
| २ | वडा समितिका सदस्यहरु | सदस्य |
| ३ | वडा सचिव | सदस्य |
| ४ | वडा अन्तर्गत गठित सामुदायिक संस्थाका पदाधिकारी मध्य १-१ जना महिला र दलित सहित २ जना | सदस्य |
| ५ | वडा अध्यक्षले तोकेको १ जना समाजसेवी | सदस्य |
| ६ | प्रशासन सहायक तथा सामाजिक परिचालक | सदस्य सचिव |

द्रटव्य : आवश्यकता अनुसार व्यक्तित्वहरु लाई आमन्त्रित गर्ने सकिने छ।

**६.३ : समुदाय स्तरिय सामाजिक परिचालन समन्वय समिति :-** समुदाय स्तरमा निम्नानुसारको एक कार्यकारी संयन्त्र निर्माण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन,व्यवस्थापन,नियमन,अनुगमन तथा मुल्यांकनका कार्यहरु संचालन गरिनेछ।

| | | |
|---|---|---|
| १ | सामुदायिक संस्थाका अध्यक्षहरु मध्ये १ जना सर्वसहमत | संयोजक |
| २ | सामुदायिक संस्थाका १ जना महिला र १ जना दलित सदस्य सहित ५ जना | सदस्य |
| ३ | सम्वन्धित वडाको सामाजिक परिचालक | सदस्य सचिव |

**द्रटव्य :** आवश्यकता अनुसार व्यक्तित्वहरु लाई आमन्त्रित गर्ने सकिने छ।

**७) कार्यक्रमका संभागहरु :-** यो कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा निम्न विषयगत संभागहरु सँग सम्वन्धित क्रियाकलापहरु समुदायको मागमा आधारित भई कार्यान्वयनमा ल्याईनेछ।

**७.१ आर्थिक सशक्तिकरण:**

**७.१.१ : पुर्वाधार विकास :** समुदायको मागमा आधारित प्रत्यक्ष जनताको आय-आर्जन सँग जोडिएका स-साना पुर्वाधार विकास आयोजनाहरु:-सिंचाई,खानेपानी,सुधारिएको घट्ट,पानी मिल,कोशेली घर,स-साना लघु उध्योग,ग्रामिण शौर्य उर्जा,सडक बत्ति, आदी आयोजनाहरु छनौट गरी स्थानिय तहको बार्षिक योजना तर्जुमा प्रणाली सँग अन्तर सम्वन्ध कायम राखी कार्यान्वयनमा ल्याईनेछ।

**७.१.२ : आय-आर्जनमा आधारित गरिबी न्यूनिकरण :** यस कार्यक्रम मार्फत समुदायको आर्थिक सशक्तिकरण सँग जोडिएका क्रियाकलाप समुदाय स्तर बाटै माग संकलन गरी उनीहरुको प्राथमिकिकरणको आधारमा बाख्रापालन,भेडापालन,कुखुरापालन,उन्नत फलफुल खेती विस्तार,बगैचा व्यवस्थापन,मौसमी तथा बेमौसमी तरकारी खेती,लघु व्यवसाय,आदी जस्ता क्रियाकलापमा आवश्यक बजेट विनियोजन गरी सो बजेट लाई घुम्तिकोषको रुपमा सामुदायिक संस्थाहरुले संस्थाका सदस्यहरु लाई मागको आधारमा परिचालन गरी नगर कार्यपालिकाको कार्यालयले कार्यान्वयनमा ल्याऊने छ।

**७.१.३ : सिप विकासमा आधारित स्व:रोजगारको अवसर :** यस संभाग अन्तर्गत लक्षित वर्गको प्रत्यक्ष दैनिकी सँग जोडिएका विषयहरुमा सिप विकास गरी स्व-रोजगारका अवसरहरु स्रजना गर्ने र सिप विकास सँग सम्वन्धित क्रियाकलापहरु : फर्निचर निर्माण,हेयर कटिङ,हाऊस वाईरिङ,होम कलरिङ,पेन्टिङ,डकर्मी,सिकर्मी, सिलाई कटाई,आरन पंखा,राढी पाखी सिलाई बुनाई,लघु उध्योग संचालन तथा प्रविधी हस्तानान्त्रण आदी जस्ता क्रियाकलापहरु छनौट गरि संचालन गरिनेछन्।

**७.२ :- सामाजिक सशक्तिकरण :-** नगरपालिकाले सामाजिक परिचालनको माध्यम बाट नगरका सम्पुर्ण वडाहरुमा रहेका वस्तिहरुको अनुसुची १ मा उल्लेखित सुचकहरुको आधारमा प्रारम्भिक सर्वेक्षण गरी कार्यक्रमले लक्षित गरेका घरधुरीहरु लाई सामुदायिक संस्थाहरुमा आबध्द गरी निम्नानुसारका चरणहरुमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

**७.२.१ : संस्थागत विकास :-** कार्यक्रमको लागी छनौट भएका वडाहरुमा रहेका विपन्न वस्तिह रुमा आधारभुत सर्वेक्षेण बाट पहिचान गरिएका लाभान्वित घरधुरीहरु लाई २० देखि ३० जनाको सामुदायिक संस्थामा आबध्द गरी प्रजातान्त्रिक प्रणाली बाट संस्थाको नेत्रत्व चयन गर्ने र उनिहरुकै भेला सभा बाट कार्यक्रमले परिलक्षित गरेका योजना तथा विकास निर्माणका क्रियाकलापहरु निर्णय भएको आधारमा नगरपालिकाले कार्यान्वयन गर्नेछ।सामुदायिक संस्था गठन,परिचालन,नियन्त्रण,नियमन,अनुगमन तथा परिपक्कता मुल्यांकन सम्वन्धिका सम्पुर्ण कार्य नगर कार्यपालिकाको कार्यालयले कार्यान्वयनमा ल्याऊने छ।

**७.२.२ : चेतनामुलक क्रियाकलाप :-** यस कार्यक्रम मार्फत समुदायमा रहेका विभिन्न सामाजिक कुरुती न्यूनिकरण सम्वन्धि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन्।

**७.२.३ : क्षमता विकास र रणनितिक संचार :** नगरपालिकाले कार्यक्रम मार्फत लक्षित गरेका समुदायहरुको माग बमोजिमको जनशक्ति विकास गर्न आवश्यक सिप तथा क्षमता विकासका तालिमहरु संचालन गर्नुपर्नेछ। तालिम संचालन गर्दा तालिमको पाठ्यक्रम विकास,कार्यक्रम तर्जूमा,अनुगमन तथा मुल्याकंन र आवश्यकता बमोजिम बाहिरिय स्रोत व्यक्तिहरु सँग समन्वय गरी नगरकार्यपालिकाको कार्यालयले क्षमता विकास सम्वन्धिका कार्यक्रमहरु संचालन गर्नेछ र क्षमता विकास सम्वन्धिका कार्यक्रमहरुको प्रबावकारी कार्यान्वयन गर्न सुचना संप्रेषण,अन्तरक्रिया,छलफल,गोष्ठी तथा सेमिनार जस्ता रणनितिक संचारका क्रियाकलापहरु संचालन गरिनेछन्।

**७.२.४ : आपतकालिन राहत तथा उद्दार :-** यस कार्यक्रम मार्फत नगरपालिकाका ११ वटै वडाहरुमा आऊन सक्ने संभावित आपतकालिन घटना परिघटनाहरुमा तत्काल राहत तथा उद्दारका कार्यक्रहरु लागू गर्न एक नगर स्तरिय मेयर राहत कोष स्थापना गरी संचालन गरिनेछ।

**७.२.५ : विपद्जोखिम न्यूनिकरण :-** यस कार्यक्रम मार्फत नगर स्तरिय विपद् जोखिम न्यूनिकरण सम्वन्धि योजनामा समावेश भएका निति,योजना तथा कार्यक्रहरु लाई सघाऊपुग्ने खालका कार्यक्रम तय गरी लागू गरिनेछन्।

**७.२.६ : दिर्घरोगीहरु लाई सहायता :-** जनता सँग मेयर कार्यक्रम मार्फत तिलागुफा नगरपालिकाका ११ वटै वडाहरुमा रहेका दिर्घरोगीहरु लाई तत्काल राहत पुग्ने खालका आर्थिक तथा प्राविधिक सहायता सम्वन्धिका कार्यक्रमहरु तयगरि कार्यान्वयनमा ल्याईनेछ

**८) योजना तथा कार्यक्रम छनौट प्रक्रया :-** यस कार्यक्रम अन्तर्गत कार्यान्वियन हुने आयोजना तथा कार्यक्रमहरु समुदायको मागमा आधारित भई स्थानिय तहको नियमित बार्षिक योजना तर्जुमा प्रक्रियाबाट छनौट गरी स्थानिय तहका अन्य योजना तथा कार्यक्रम अनुरुपकै प्रक्रिया बाट स्वीक्रत गरी समुदायकै संलग्नतामा उनीहरुको आवश्यकता र प्राथमिकताका आधारमा कार्यान्वियन हुनेछन्।

**९) लक्षित वर्ग छनौट :-** यस कार्यक्रम बाट नगरपालिकाका ११ वटै वडाहरु मध्ये गरिबीको सुचांकमा आधारमा निम्नचरणहरुमा देहाय:का लक्षित बर्गहरु छनौट गरी कार्यक्रम लागु गरिनेछ।

९.१:- प्रथम चरण : आफ्नो उत्पादन बाट ३ महिना सम्म मात्र खान पुग्ने अति विपन्न परिवारहरु।

९.२:- दोस्रो चरण : आफ्नो उत्पादन बाट ६ महिना सम्म मात्र खान पुग्ने विपन्न परिवारहरु।

९.३;- तेस्रो चरण : आफ्नो उत्पादन बाट ९ महिना सम्म मात्र खान पुग्ने मध्यम परिवारहरु।

९.३;- चौथौ.चरण : आफ्नो उत्पादन बाट १२ महिना सम्म मात्र खान पुग्ने सम्पन्न परिवारहरु।

**१०) सामाजिक परिचालन** :- नगरपालिकाले यस कार्यक्रम तर्फ प्रत्येक वडा १-१ जनाका सहायक स्तर चौथौतहको सामाजिक परिचालक नियुक्ति गरी सामजिक परिचालन तर्फ समुदायमा अधारित आयआर्जन,सिप विकास तथा भौतिक पुर्वाधार सम्वन्धिमा कार्यक्रमहरु संचालन गर्न सामुदायिक संस्थाको गठन तथा परिचालनको कार्य संचालन हुनेछ।

**११) सामुदायिक संस्थाको घुम्तिकोष परिचालन :-** तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले लक्षित वर्गरहरु लाई आयआर्जन तथा सिप विकास सम्वन्धिका क्रियाकलापहरु संचालन गरी नगरको गरिबी दर न्यूनिकरण गर्ने उदेश्यले यस कार्यक्रम मार्फत कुल बजेटको २० प्रतिशतले हुन आऊने रकम बिऊंपुंजी अनुदान स्वरुप सामुदायिक संस्थाको नगरपालिकाको वित्तिय कारोवार संचालन गर्ने वाणिज्य बैंकमा घुम्तिकोष स्थापना गरी बार्षिक रुपमा पुंजी घम्तिकोष स्वरुप परिचालन गरिने छ।

**१२) बजेट व्यवस्था र खर्च प्रणाली :** क) यस कार्यक्रमको संचालन तथा व्यवस्थापनको लागी नगरपालिकामा विनियोजित रकम लाई जनता सँग मेयर कार्यक्रम संचालन कोषको रुपमा स्थापना गरी सो कोष बाट कार्यक्रम संचालनका अनिवार्य दायित्वका शिर्षकहरु:सामाजिक परिचालकको तलब,भत्ता र सम्पर्क ईकाई संचालन खर्चमा आवश्यक बजेट विनियोजन गरी बाँकी रकम सामुदायिक संस्थाहरु बाट माग भई आएका योजना तथा कार्यक्रमहरुमा विनियोजन गरी सम्झौता बमोजिम कार्यप्रगतिको आधारमा भुक्तानी गरिने छ।

**१३) पारदर्शिता र उत्तरदायित्व :-** क) कार्यक्रम लागु भएका वडाहरुमा वडा कार्यालयहरुले आआफ्नो कार्यक्षेत्र भित्र सम्पन्न भएका कामकारबाहीहरुको विषयमा सुचना अध्यावधिक,प्रकाशन,प्रशारण र गुनासो सुन्ने व्यवस्थाका साथै चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरी नगरपालिका लाई जानकारी गराऊनु पर्नेछ।

**१४) मानव संशाधन व्यवस्थापन :-** क) यो कार्यक्रम संचालन गर्न प्रत्येक वडा कार्यालयमा स्थापना हुने सम्पर्क ईकाईमा कामकाज गर्ने गरी नगरपालिकाको सम्पर्क ईकाईले सामाजिक परिचालक सेवा करारमा नियुक्ति गरी परिचालन गरिने छ।

**१५) सामाजिक परिचालकको सेवा सुविधा :** यस कार्यविधि बमोजिम जनत सँग मेयर कार्यक्रमको सामाजिक परिचालनको कार्य गर्ने सामाजिक परिचालकहरुको सेवा शर्त तिलागुफा नगरपालिकाको आर्थिक कार्य व्यवस्थापन गर्ने बनेको ऐन २०७७ बमोजिम स्थानिय तहका सहायक स्तर चौथौं तहका कर्मचारीले पाऊने न्युनतम् तलब स्केल,चाडपर्ब खर्च र दैनिक भ्रमण भत्ताको व्यवस्थापन गरिने छ।

**१६) प्रतिवेदन :-** यस कार्यक्रम तर्फ कार्यरत सामाजिक परिचालकले समुदाय तथा वडा स्तरमा संचालित योजना तथा कार्यक्रहरुको मासिक,चौमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसुची १,२,३,४ र ५ बमोजिमको वडा सचिब मार्फत वडाध्यक्ष लाई पेश गरी स्वीकृत प्रतिवदेन नगर स्तरिय कार्यक्रम समन्वय ईकाईमा पेश गर्नुपर्नेछ ।

**१७) सामुदायिक संस्थाको लेखापरिक्षण :-** वडा स्तरिय सामुदायिक संस्थाहरुले आफ्नो समुहको आन्तरिक बचत,घुम्तिकोष अनुदान बापतको रकक,साँवा,व्याज लगायत समुहको घुम्ति कोष खातामा प्राप्तहुने सबै खालको रकमको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र रजिष्ट्रड लेखा परिक्षक बाट अन्तिम लेखा परिक्षण गराऊनु पर्ने छ ।

**१८) सामुदायिक संस्थाका पदाधिकारीहरुको सदस्यता खारेजी :-** सामुदायिक संस्था आबध्द कुनैपनि सदस्यले सामुदायिक संस्थाको विधान अनुरुप कार्य नगरेको खण्डमा निज बाट असुल उपर गर्नु पर्ने समुहको साँझा दायित्व असुलउपर गरी साधारण सदस्य बाट संस्थाको कार्य समितले निर्णय गरि निश्काशन गर्न सक्नेछ । र जसको जानकारी वडा तथा नगर कार्यपालिकाको कार्यालय लाई तत्काल जानकारी दिनुपर्नेछ ।

**१९) अभिलेख व्यवस्थापन :-** यस कार्यक्रम मार्फत गठन भएका सामुदायिक संस्था,आयआर्जन समुह तथा उपभोक्ता समितिले संचालन गरेका क्रियाकलाप तथा संस्थाको वैयत्तिक विवरण वडा तथा नगर कार्यपालिकाको कार्यालयमा अध्यावधिक गरी राख्ने व्यवस्था नगर कार्यक्रम सम्पर्क ईकाइले बहन गर्नेछ ।

**२१) नगर तथा वडामा कार्यक्रम सम्पर्क ईकाइ स्थापना :**

जनता सँग मेयर कार्यक्रम संचालन,व्यवस्थापन,कार्यान्वयन,नियमन तथा अनुगमन गर्न नगरपालिकाका प्रत्येक वडा र नगर स्तरमा कार्यक्रम सम्पर्क इकाई स्थापन गरी सो इकाई बाट कार्यक्रमको दैनिक प्रशासनिक काम कारवाही अतिरक्त अभिलेख व्यवस्थापनको कार्य समचालन गरिनेछ ।

**२२) निर्देशिका बनाऊने अधिकार :** यस कार्यक्रममा स्वीक्रत निति,बजेट,योजना तथा कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गर्न आवश्यक पर्ने निति,मापदण्ड,मार्गदर्शन,आदेश,नियमावली,विनियमावली र निर्देशिका नगर् स्तरिय कार्यक्रम कार्यान्वयन निर्देशक समितले तयार गरी नगर कार्यपालिका बाट स्वीक्रत गराई लागु गर्न सक्नेछ ।

**२३) यस कार्यविधी बमोजिम हुने :** जनता सँग मेयर कार्यक्रम संचालन गर्ने सम्वन्धमा यो कार्यविधि ऐन लागुहुनु भन्दा पुर्व भएका निर्णय,आदेश र कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**२४) खारेजी :** यस कार्यविधि पुर्व कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धमा भएका निर्णय तथा मापदण्णहरु खारेज गरी यसै कार्यविधि बमोजिम भएको मानिने छ।

**२५) विविध :** जनता सँग मेयर कार्यक्रम संचालनको लागी नगरपालिकाले आवश्यक स्रोत साधन संघ,प्रदेश,संघ संस्था र कुनैपनि दात् निकाय संग समन्वय गरी स्रोत साधनको संकलन तथा परिचालनको दिपक्षिय तथा बहु पक्षिय सम्झौता गरी कार्यान्वयन गर्नसक्ने छ।

**२६) अनुसुचीहरु**

अनुसुची १:- पुर्वाधार योजना सम्वन्धि विवरण

अनुसुची २:- सामुदायिक संस्थाको विवरण

अनुसुची ३:- सामुदायिक संस्थाको आन्तरिक बचत तथा परिचालन

अनुसुची ४:- बिऊपुंजी लहानीको अवस्था

अनुसुची ५:- क्षेत्रगत लगानी